# खनियाबास गाँऊपालिका

## गाँऊ कार्यपालिकाको कार्यालय

## दार्खा, धादिङ

## ३ नं. प्रदेश, नेपाल

**आ.व. ०७५/०७६ को लागि आन्तरिक आय तर्फको सिलवन्दी वोलपत्र आव्हान सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०७५।०७।२०**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ घ (१), घ (२) र घ (६) को व्यवस्था, प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन, प्रदेश आर्थिक ऐन २०७५ को दफा ८(१) र सो सँग सम्बन्धित अनुसुची ५ मा भएको व्यवस्था, खनियाबास गाँऊ सभाको निर्णय, राजस्व परामर्श समितिको सिफरीस र कार्यपालिकाको मिति २०७५।०७।१७ को निर्णय अनुसार आ.व. २०७५/०७६ को वाकी अवधि २०७६ आषाढ मसान्त सम्म) को लागि देहायका शिर्षकहरुमा कर तथा शुल्क असुली सम्बन्धी ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले गाँऊपालिकावाट तोकिएको दररेटमा कानुनी प्रक्रिया पुरा गरेका योग्य फर्महरुले वोलपत्र खरिद गरी तोकीएको म्याद भित्र पेश गर्न  यो ३० दिने सूचना प्रकासित गरिएको छ। रीत नपुगी वा म्याद नाघी प्राप्त हुन आएका शिलवन्दी वोलपत्र उपर कुनै कारवाही गरिने छैन।

| ठेक्का नं. | ठेक्काको किसिम | बिक्री तथा निकासी दर प्रति घनफिट | आ.व. ०७५/७६ का लागि कायम वार्षिक न्यूनतम अंक (मु.अ. कर वाहेक) | वोलपत्र फाराम दस्तुर | धरौटी रकम |
|---|---|---|---|---|---|
| राजस्व १।०७४/०७५ | खनियाबास गाँउपालिकाको क्षेत्र भित्र पर्ने आँखु खोलाको ढुंगा, गिट्टी र वालुवा, निकासी कर तथा विक्री शुल्क संकलन कार्य। | निकासी कर विक्री शुल्कः प्रति घन फिट ९।०० (नौ रुपैया)<br>आन्तरिक सेवा शुल्क तथा विक्री दस्तुर प्रति घन फिट ६।०० (छ रुपैया मात्र) | ५१,००,०००।-<br>(रु. एकाउन्न लाख मात्र) | ३,०००।- | कवोल अंकको ५ प्रतिशत |

**ठेक्का सम्बन्धी शर्तहरु :**

१.बोलपत्र फारमसाथ जमानत वापतको रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य वैंक, धादिङबेशी शाखामा रहेको धरौटी खाता नं. १०३०३०३००७११० मा रकम जम्मा गरेको सक्कल भौचर वा सूचनामा जारी भएको मितिले कम्तिमा १२० दिन म्याद भएको यस कार्यालयको नाममा जारी गरिएको नेपाल राष्टबैंकबाट मान्यता प्राप्त क वर्गको वाणिज्य बैंकको ग्यारेन्टी (विड वण्ड) पेश गर्नु पर्नेछ।

२.ठेक्का अबधिको प्रचलित कानून अनुसार बुझाउनु पर्ने आयकर लगायतका अन्य करहरु ठेकेदार स्वंयले व्यहोर्नु पर्नेछ।

३.बोलपत्र फाराम नियमानुसारको राजश्व तिरी गाँउपालिकाको कार्यालयबाट खरिद गरी पेश गर्न सकिनेछ। कार्यालय प्रमुख वा अख्तियार प्राप्त अधिकृतबाट प्रमाणित भएको बोलपत्र फारमलाई मात्र मान्यता दिइनेछ।

४.उक्त ठेक्काको लागी सुचना प्रकाशित भएको मितिले ३० औं दिनसम्म कार्यालय समयभित्र खरिद गरी ३१ औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा सिलबन्दी बोलपत्र बुझाउनु पर्नेछ, प्राप्त बोलपत्रहरु सोही दिनको २:०० बजे खनियाबास गाँउपालिकाको कार्यालयमा खोलिनेछ। बोलपत्र फाराम खरिद गर्ने, दाखिला गर्ने र खोल्ने दिन सार्वजानिक विदा परेमा क्रमशः सो को भोलिपल्ट सोही समयमा दर्ता तथा खोलिनेछ।

५.बोलपत्रदाताले वोलपत्र फारममा अंक र अक्षरमा केरमेट नगरी स्पष्टसँग लेख्नु पर्नेछ, अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।

६.यस कार्यालयमा पेश हुन आएका बोलपत्र बोलपत्रदाता वा निजको प्रतिनिधीको रोहवरमा खोलिनेछ तर वोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पुग्ने छैन।

७.ठेकेदारले वन प्राकृतिक वातावरण (भुसंरक्षण तथा वातावरणीय संतुलन) लाई हानी नोक्सानी नहुने गरी आँखु खोलाको तोकीएको स्थानबाट मात्र उत्खनन गर्न पाईने छ। ठेकेदारले प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) वा उल्लेखित प्रावधान विपरित हुने गरी कार्य गर्न पाइने छैन तर विभिन्न स्थानमा थुपारी राखेको मौज्दात सामग्री विक्री तथा निकासी गर्न सकिनेछ।

८.ढुङ्गा, गिट्टी, वालुवा आदि सामाग्रीको कारोवार गर्दा बालश्रमको प्रयोग गर्ने र वातावरणमा प्रतिकूल असर पर्ने प्रविधि अपनाउन पाईने छैन।

९. सरकारी कार्यालयबाट लगाइने ठेक्का पट्टामा प्रयोग हुने ढुङ्गा, गिट्टी, वालुवामा कर वा शूल्क नलाग्ने भनि सम्झौतामा उल्लेख भै यस कार्यालयको स्वीकृत पत्र प्राप्त भएकोमा वाहेक अन्य ठेक्का पट्टामा निकासी कर वा बिक्री शुल्क उठाउन पाईनेछ।

१०.बोलपत्र स्वीकृत गर्न आसयको सुचना प्राप्त गरी निर्धारित समयमा कार्यालयमा सम्झौता गरी सक्नु पर्नेछ। तोकिएको समयभित्र सम्झौता गर्न नआएमा बोलपत्र दाताले राखेको धरौटी जफत हुनेछ।

११.बोलपत्र स्वीकृत रकम बमोजिमको प्रथम किस्ता ३० प्रतिशत रकम बुझाई सम्झौता गर्नु पर्नेछ र बाँकी अवधिको लागि वार्षिक कवोल अंकको ७० प्रतिशत बराबर रकमको २०७६ असार मसान्तसम्म मान्य अवधि भएको नेपाल राष्ट्र बैकबाट मान्यता प्राप्त क वर्गको वाणिज्य बैंकको बैंक ग्यारेन्टी ( परफरमेन्स वण्ड) पेश गर्नु पर्नेछ।

१२.ठेक्काको बांकी दुई किस्ता रकम क्रमशः दोस्रो किस्ता ४०% फागुन मसान्त, तेश्रो किस्ता ३०% जेष्ठ मसान्त भित्र बुझाइसक्नु पर्नेछ।

१३.ठेकेदारले कर शुल्क तोकेको संकलन केन्द्रमा नै उठाउनु पर्नेछ साथै दररेट सहितको साईनबोर्ड सबैले देख्नेगरी सम्बन्धित केन्द्रमा राखिएको हुनुपर्नेछ।

१४.ठेक्का कवोल गर्ने ठेकेदारले तोकिएको कर उठाउँदा प्रयोग गर्ने विक्री तथा निकासी तर्फका रसिदहरु आफ्नो तर्फबाट छपाई गरी यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ। प्रमाणित नगरेको रसिदबाट कर उठाएको पाईएमा नियमानुसार कारबाही हुनेछ।

१५.यस सूचनामा उल्लेख भएको कुरा यसै अनुसार र अन्यको हकमा प्रचलित कानुन, स्थानीय सरकार ऐन २०७४ तथा ठेक्का स्वीकृति पश्चात प्रदान गरिने सम्झौता अनुसार हुनेछ।

१६.प्रचलित ऐन नियम, कानुन सम्झौता र सुचनाको शर्त विपरित कार्य गरेमा जुनसुकै अवस्थामा पनि कार्यालयले ठेक्का तोड्न सक्नेछ र त्यसबाट कार्यालयलाई हानी नोक्सानी भएमा ठेक्का लिने पक्षबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ। ठेक्का सम्बन्धी कुनै विवाद भएमा खनियाबास गाँउपालिकाको निर्णय अन्तिम हुनेछ।

१७. ठेकेदारले बन्द हडतालको कारण देखाई छुट तथा मिन्हा दाबी गरेमा कार्यालयले छुट र मिन्हा दिने छैन।

१८. ढुङ्गा, गिट्टी, वालुवा आदिको संकलन, उत्खनन तथा निकासीका सम्बन्धमा नेपाल सरकार, प्रदेश सरकार, जिल्लास्तरिय अनुगमन समिती र यस कार्यालयले समय समयमा दिएको सुझाव तथा निर्देशनको पालना गर्नु ठेकेदारको कर्तव्य हुनेछ।

१९. कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहीत रहनेछ।

२० अन्य विस्तृत विवरणको लागि यस कार्यालयको वेवसाईड www.Khaniyabasmun.gov.np मा समेत हेर्न सकिने छ।

**प्रमुख प्रशासकीय अधिकृत**